# प्रतापपुर गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
प्रतापपुर, नवलपरासी (बर्दघाट-सुस्ता पश्चिम)
लुम्बिनी प्रदेश, नेपाल

प.सं. ०७७/७८
च.नं.

मिति २०७८/०१/३१

## विज्ञप्ति

विश्वव्यापी महामारीको रुपमा फैलिएको नयाँ भेरियन्ट सहितको कोभिड-१९ को संक्रमण तीव्ररुपमा बढ्दै गइरहेको परिस्थितिलाई गम्भीर रुपमा लिदै सको संक्रमण फैलिन नदिन तथा त्यसको रोकथाम, नियन्त्रण तथा नागरिकको स्वास्थ्य संवेदनशीलतालाई पहिलो प्राथमिकतामा राख्दै यस गाउँपालिकाबाट विभिन्न कार्यहरू भइरहेको व्यहोरा अनुरोध गर्दछौं । यस गाउँपालिकाभित्र पनि संक्रमित संख्या दिनानुदिन बढ्दै गइरहेको सन्दर्भ मिति २०७८/०१/३१ गते राती १२:०० बजे देखि २०७८/०२/१५ गते राती १२:०० बजे सम्म निषेधाज्ञा थप गरिएको जिल्ला प्रशासन कार्यालय नवलपरासी (ब.सु.प.)को प्रमुख जिल्ला अधिकारीबाट जारी भएको मिति २०७८/०१/३० गतेको थप निषेधाज्ञा आदेशानुसार पालना गर्नु गराउनु हुन अनुरोध गरिन्छ।

साथै यस महामारीको समयमा सबैजना सुरक्षित भई रहनुहुन, अत्यावश्यक काम बाहेक कोही घर बाहिर ननिस्कन तथा जथाभावी हिडडुल नगर्नुहुन, भिडभाड हुने कुनै पनि सभा समारोह तथा कार्यक्रम नगर्नु नगराउनु हुन सम्बन्धित सबैलाई प्रतापपुर गाउँपालिकाद्वारा हार्दिक अनुरोध गर्दछ ।

<u>आवश्यक सहयोग र जानकारीका लागि सम्पर्क गर्नुहुन ।</u>

कार्यवाहक अध्यक्षः श्री अन्जु कुमारी चौधरी (९८५७०४६०५३)

प्रवक्ताः श्री हेमेन्द्र कुमार पंजियार (९८५७०१३७४२)

प्रमुख प्रशासकीय अधिकृतः श्री भेषराज खनाल (९८५७०८००९५)

स्वास्थ्य शाखाः संयोजक श्री इन्द्र प्रसाद लामिछाने (९८५७०८०४०५)

सि.अ.हे.ब. सन्तोष पौडेल (९८५६०५५०३०)

(अन्जु कुमारी चौधरी)
का.वा. अध्यक्ष
अन्जु कुमारी चौधरी
कार्यवाहक अध्यक्ष



Scanned with CamScanner

नेपाल सरकार

गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

नवलपरासी (बर्दघाट सुस्ता पश्चिम)

मितिः २०७८।०१।३०

## नवलपरासी (बसुप)को प्रमुख जिल्ला अधिकारीबाट जारी भएको थप निषेधाज्ञा आदेश

बिश्वव्यापी महामारीको रुपमा फैलिएको नयाँ भेरियण्ट सहितको कोभिड-१९ को संक्रमण तीव्ररुपमा बढ्दै गईरहेको परिस्थितिलाई गम्भीर रुपमा लिदै सोको संक्रमण फैलिन नदिन तथा त्यसको रोकथाम, नियन्त्रण र उपचार व्यवस्थालाई प्रभावकारी बनाउन संक्रामक रोग ऐन, २०२० को दफा २ र स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६(३) बमोजिम नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) जिल्ला भरी लागू हुने गरी मिति २०७८ साल बैशाख २१ गते राती १२:०० बजेदेखि २०७८ साल बैशाख ३१ गते राती १२:०० बजेसम्मको लागि निषेधाज्ञा जारी गरिएकोमा यस जिल्लामा संक्रमणको दर अद्यापि उच्च रहेको देखिएको र सो संक्रमण फैलन सक्ने जोखिम समेत देखिएबाट समुदायस्तरमा संक्रमणको अवस्थालाई न्यूनीकरण गर्न निषेधाज्ञाको अवस्थालाई निरन्तरता दिनु पर्ने देखिएकोले जिल्ला कोभिड-१९ संकट व्यवस्थापन केन्द्र र जिल्ला सुरक्षा समितिको निर्णयानुसार मिति २०७८ वैशाख ३१ गते राती १२:०० बजेदेखि २०७८ जेठ १५ गते राती १२:०० बजेसम्म तपसिल अनुसार गर्नु गराउनु हुनु निषेधाज्ञाको आदेश थप गरिएको व्यहोरा सम्वन्धित सवैमा जानकारी गराईन्छ ।साथै यस पूर्वको निषेधाज्ञाको आदेशलाई सवै पक्षवाट कार्यान्वयन गर्न पूर्णरुपमा सहयोग भएकोमा आगामी दिनमा समेत सवै पक्षवाट सहयोग अपेक्षा गरेको छु ।

निम्न

- निषेधाज्ञा अवधिभर अत्यावश्यक काममा वाहेक कोही घर वाहिर ननिस्कने तथा जथाभावी हिडडुल नगर्ने ।
- नेपाल प्रहरी र सशस्त्र प्रहरी बलको संयुक्त सुरक्षा निगरानी बढाई कडा रुपमा चेकजाँचको व्यवस्था मिलाई छिमेकी मित्रराष्ट्रसँग जोडिएका सीमानाकाहरुवाट हुने आवतजावत पूर्णरुपमा बन्द गर्ने ।
- अत्यावश्यक वस्तु वा सेवा मध्ये औषधि, इन्धन, पानी मात्र विक्री वितरण गर्ने र स्वास्थ्य सामाग्री विक्री वितरण गर्ने पसल/व्यवसाय वाहेक कुनै पनि पसल/व्यवसाय संचालन नहुने ।
- अत्यावश्यक सेवा तथा प्रदायक कार्यालयका/संस्थाका कर्मचारी परिचयपत्रका आधारमा कार्यालय आवत जावत गर्न प्रयोग गर्ने सवारी साधन संचालन हुने ।
- समाचार संकलनका लागि सूचना विभागबाट जारी भएका परिचयपत्र बाहक संचारकर्मीले प्रयोग गर्ने सवारीमात्र संचालन हुने ।

प्रमुख जिल्ला अधिकारी

Scanned with CamScanner

- एम्बुलेन्स (विरामी बाहेक २ जना कुरुवा समेत), शववाहन, दमकल, स्वास्थ्य/औषधि सामाग्री ढुवानी गर्ने सवारी साधन, पानी आपूर्ति गर्ने सवारी, इन्धन आपूर्ति गर्ने सवारी, कुटनीतिक नियोगका सवारी साधनहरु संचालन गर्न सकिने।
- राष्ट्रिय राजमार्गमा चल्ने अत्यावश्यक ढुवानी/निर्माण सामाग्रीहरु बोकेका सवारी साधन संचालन हुने ।
- विवाह कार्यक्रम गर्दा १५ जनामा नबढ्ने गरी २ वटा सवारीमा तोकिएका जनस्वास्थ्य तथा सुरक्षा मापदण्ड अनिवार्य पालना गरी मात्र संचालन गर्न पाइने ।
- आफ्नो धर्म, संस्कृति अनुसार मृत्यु संस्कारको कार्य गर्दा १५ जनामा नबढ्ने गरी मलामी जान पाइने ।
- मठ, मन्दिर, मस्जिद, गुम्बा तथा चर्च लगायतका धार्मिक स्थलमा परम्परागत रुपमा भई आएको दैनिक रुपमा हुने आन्तरिक नित्य पुजा बाहेकका सम्पूर्ण धार्मिक सांस्कृतिक गतिविधिहरु संचालन तथा जमघट बन्द गर्ने ।
- निजी तथा सार्वजनिक सवारी साधनहरु संचालन गर्न नपाउने ।
- बैंक तथा वित्तीय संस्थाबाट प्रवाह गर्ने सेवाहरु अर्को सूचना नआउँदासम्म स्थगित गर्ने ।
- उद्योग तथा निर्माण कार्य संचालन गर्दा कामदारहरुलाई उद्योग परिसर भित्रै राख्ने व्यवस्था मिलाउने सो सम्भव नभए उद्योगको आफ्नै सवारीबाट ल्याउने, लैजाने व्यवस्था मिलाउनुका साथै आवासिय र बाहिरबाट आएका कामदारहरुवीचको दुरी कायम गरी स्वास्थ्य सुरक्षाका मापदण्ड अपनाई काममा लगाउने व्यवस्था मिलाउने ।

नोटः यस आदेशको उल्लघंन गर्ने, आदेशको पालना गर्ने कार्यमा अवरोध गर्नेहरु उपर संक्रामक रोग ऐन, २०२० र स्थानीय प्रशासन ऐन, २०२८ बमोजिम कारवाही हुने व्यहोरा यसै सूचनाद्वारा समेत जानकारी गराईन्छ ।

प्रमुख जिल्ला अधिकारी

२०७८।१।३०

Scanned with CamScanner